राजपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गंगदी, दाङ
मितिः २०८१/०६/२० गते

विषयः कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु तथा विविध सम्बन्धमा ।

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृति प्राप्त मितिः २०८१/०६/१८ गते

प्रस्तावहरुः

१. विजया दशमी २०८१ को शुभकामना सम्बन्धमा ।
२. सुरक्षित नागरिक आवासको रकम भुक्तानी सम्बन्धमा ।
३. शिक्षकहरुको तलबभत्ता अनुदान सम्बन्धमा ।
४. ज्यालादारी कर्मचारीको ज्याला भुक्तानी सम्बन्धमा ।
५. विविध ।

निर्णय हुनु पर्ने व्यहोराः

१. नेपालीहरुको महान चाड विजया दशमी २०८१ को उपलक्ष्यमा सम्पूर्ण नेपालीजनहरुमा हर्षोल्लास, अमनचयन, उमङ्ग, सुख, शान्ति र समृद्धिका साथै उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्नुपर्ने।
२. सुरक्षित नागरिक आवास समन्वय समितिको निर्णयबाट स्वीकृत भई काम सम्पन्न गरी भुक्तानीका लागि निवेदन पेश गरेका लाभग्राहीहरुको स्थलगत अनुगमन गरी प्राथमिकरण निर्धारण गरे बमोजिम प्राविधिक मुल्याङ्कनको आधारमा रकम भुक्तानी गर्नुपर्ने।
३. यस गाउँपालिका अन्तर्गत विद्यालयमा शिक्षक अवाभको कारण पठनपाठनमा समस्या भएको अवस्थामा शिक्षण सिकाईमा सहज वनाउनका लागि विद्यालयले व्यवस्थापन गरेका शिक्षकहरुको २०८१ असोज महिनाको तलबभत्ता अनुदान निकासा गर्नुपर्ने ।
४. सामुदायिक स्वास्थ्य इकाई गुरुङखोलामा राजपुर गाउँपालिका वडा नं. १ गुरुङखोला बस्ने कमला वि.क.लाई कार्यालय सहयोगीको कामकाजका लागि ज्यालादरीमा खटाइएकाले १ नं. वडा कार्यालयको सिफारिस र डोर हाजिरी फारामको आधारमा २०८१ असार महिना देखि भदौ महिनासम्मको पारिश्रमिक भुक्तानी गर्नुपर्ने ।
५. अन्य निर्णयहरु

CamScanner

निर्णयहरु:

१. नेपालीहरुको महान चाड विजया दशमी २०८१ को उपलक्ष्यमा सम्पूर्ण राजपुर गाउँपालिकावासी आमाबुवा, दाजुभाइ, दिदीबहिनी, समाजसेवी, बुद्धिजीवी, कर्मचारी, शिक्षक, विद्यार्थी, सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, पत्रकार, जनप्रतिनिधि एवम् स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपालीजनहरुमा हर्षोल्लास, अमनचयन, उमङ्ग, सुख, शान्ति र समृद्धिका साथै उत्तरोत्तर प्रगतिको शुभकामाना व्यक्त गर्ने।

२. मिति २०८१ असोज १४ गतेको कार्यपालिकाको निर्णय बमोजिम सुरक्षित नागरिक आवास कार्यान्वयन कार्याविधि २०७६ (प्रथम संसोधन) बमोजिम सुरक्षित नागरिक आवास समन्वय समितिको निर्णयबाट स्वीकृत भई काम सम्पन्न गरि भुक्तानीका लागि निवेदन पेश गरेका लाभग्राहीहरुको स्थलगत अनुगमन गरी प्राथमिकता निर्धारण गरे बमोजिम जम्मा घरधुरी संख्या २१७ को प्राविधिक मुल्याङ्कनको आधारमा चालु आ.व.का लागि स्वीकृत बजेटबाट नपुग हुने रकम हाल गाउँसभाबाट स्वीकृत कर्मचारी पारिश्रमिक तथा पदाधिकारी सुविधा खर्च शिर्षकबाट भुक्तानी गर्ने र आगामी गाउँसभाबाट उक्त शिर्षकहरुमा जुनसुकै कार्यक्रममा बचत हुने वा आम्दानी हुने रकमबाट सोधभर्ना गरी कर्मचारी पारिश्रमिक तथा पदाधिकारी सुविधा भुक्तानी गर्ने।

३. यस गाउँपालिका अन्तर्गत तपसिलका विद्यालयमा शिक्षक अवाभको कारण पठनपाठनमा समस्या भएको अवस्थामा शिक्षण सिकाई सहज बनाउनका लागि विद्यालयहरुले व्यवस्थापन गरेका शिक्षकहरुको २०८१ असोज महिनाको देहाय बमोजिम तलबभत्ता अनुदान निकासा गर्ने।

| क्र.स. | विद्यालयको नाम | निकासा रकम रु. | कै. |
|---|---|---|---|
| १ | जनज्योति मा.वि. बेला | १,६४,९००/- | |
| २ | शंकर मा.वि. खरदरिया | २६,४००/- | |
| ३ | गौरीशंकर मा.वि. भैसाहीनाका | २६,४००/- | |
| ४ | शिवशक्ति मा.वि. भौवानाका | २६,४००/- | |
| ५ | दुर्गा ज्ञानज्योति प्रा.वि. माररीखोला | २५,२००/- | |
| ६ | जनकल्याण मा.वि. भैसहवा | २५,२००/ | |
| ७ | रात्री प्रा.वि. गंगदी | २५,२००/- | |
| ८ | बालकल्याण मा.वि. खाड्ग्रा नाका | ७८,०००/- | |
| ९ | मा.वि. सिकटा | ८४,०००/- | |
| १० | युगबोध आ.वि. सुनपथरीनाका | २६,२००/- | |

४. राजपुर गाउँपालिका वडा नं. १ स्थित सामुदायिक स्वास्थ्य इकाई गुरुङखोलामा जनशक्ति अभावको कारण सेवा प्रवाह गर्न कठिनाइ भएको सन्दर्भमा राजपुर गाउँपालिका वडा नं. १ गुरुङखोला बस्ने कमला वि.क.लाई २०८१ असार महिनादेखि ज्यालादारी कर्मचारीका रुपमा कार्यालय सहयोगीले गर्ने कामकाजमा खटाइएकाले १ नं. वडा कार्यालयको च.नं. १६० मिति २०८१/०६/०९ गतेको भुक्तानी सिफारिस र डोर हाजिरी फारामको आधारमा २०८१ असार महिनादेखि भदौ महिनासम्मको पारिश्रमिक रकम रु ४७,१२०/- भुक्तानी गर्ने।

५. विविध

क) तलव भुक्तानी सम्वन्धमा ।

यस अघि मा.वि. सिक्टामा कार्यरत रहि अन्यत्र काज सरुवा गरिएका प्राथमिक तह राहात शिक्षक विष्णु खत्रीको सरुवा विषयमा विवादको कारण तलव भुक्तानी हुन नसकेको सम्वन्धमा छलफल गर्दा निजले कुनै निश्चित विद्यालयमा हाजिर हुन नपाएको हुँदा सो अवधिको र बाँकी बिद्यालयको विदा अवधिको तलवभत्ता मा.वि. सिक्टाबाट माग गरी उपलब्ध गराउने ।

ख) एम्वुलेन्स मर्मत खर्च भुक्तानी सम्वन्धमा ।

मिति २०८१ भाद्र २७ गते कार्यपालिकामा निर्णय भए वमोजिम राजपुर स्वास्थ्य चौकीमा सञ्चालित एम्बुलेन्स मर्मत गरे वापतको रकम रु १,६०,२०१/- श्री कृष्ण मोटर पार्टस सप्लायर्स लमहीलाई मर्मतसंभार कोषबाट भुक्तानी दिने ।

CS CamScanner